# रामनगर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**रामनगर, सर्लाही**

**मधेश प्रदेश, नेपाल**

## घरबाटै अनलाईन मार्फत व्यक्तिगत घटना दर्ता सम्बन्धि सूचना !!!

नेपाल सरकारले व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, बसाईसराई, विवाह सम्बन्ध बिच्छेद)अनिवार्य रुपमा दर्ता गर्नु पर्ने व्यवस्था गरेको हुंदा रामनगर गाउँपालिका भित्र अनलाईन मार्फत व्यक्तिगत घटना दर्ता गर्न आफ्नो घरमै बसी मोबाइलबाट समेत व्यक्तिगत घटना दर्ताको फारम भर्न सक्नुहुनेछ । फारम भरि प्राप्त टोकन नम्बर लिएर सम्बन्धित वडा कार्यालयबाट प्रमाण-पत्र प्राप्त गर्न सक्नुहुनेछ ।

**फारम भर्ने तरिका :**

- https://public.donidcr.gov.np मा जानुहोस वा देखाएको QR-Code स्क्यान गरि घटना दर्ताका लागि यहाँ थिच्नुहोसमा क्लिक गर्नुहोला ।
- क्लिक गरिसकेपछि कुन प्रयोजनका लागि फारम भर्दै हुनुहुन्छ, छनोट गर्नुहोला ।
- छनोट गरि सकेपछी फारम खुल्नेछ । उक्त फारम भरिसकेपछी अन्तिममा आफ्नो मोबाइल नम्बर राखेर पेश घर्नुहोला ।
- उक्त मोबाइल नम्बरमा टोकन नम्बर प्राप्त हुनेछ र सोहि टोकन नम्बर लिएर ३५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा सम्पर्क गरि स्थानीय पन्जिकधिकारीबाट व्यक्तिगत घटना दर्ताको प्रमाण-पत्र उपलब्ध हुनेछ । टोकन नम्बरको प्रयोग ३५ दिन भित्र गरिसक्नुपर्नेछ । नत्र, पुनः माथिको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

**पुनश्चः व्यक्यिगत घटना घटेको ३५ दिनभित्र घटना दर्ता गरि जरिवाना बाट बचौं ।**